# निक्षेप आधा खर्ब घट्यो

**नेपाल समाचारपत्र, काठमाडौं**

चालू आर्थिक वर्ष २०८२/८३ को पहिलो महिना साउनमा वाणिज्य बैंकहरूको निक्षेप संकलन घटेको छ। नेपाल बैंकर्स संघका अनुसार साउनमा कुल निक्षेप संकलन ६४ खर्ब ७९ अर्ब रुपियाँमा सीमित रह्यो, जुन गत असारको ६५ खर्ब ३१ अर्ब रुपियाँभन्दा ५२ अर्ब रुपैयाँले कम हो।

बैंकरहरूका अनुसार आर्थिक वर्षको शुरूवातमा निक्षेप संकलन घट्नु स्वाभाविक हो। असार महिनामा सरकारको पुँजीगत खर्च धेरै हुने भएकाले सो अवधिमा बैंकमा निक्षेप बढ्ने गर्छ भने साउनमा अघिल्लो वर्ष सम्पन्न परियोजनाको भुक्तानी र राफसाफका कारण निक्षेप बाहिरिने प्रवृत्ति देखिन्छ। साथै, बजेट खर्च साउनमा पूर्णरूपमा शुरू नभएकाले पनि निक्षेप संकलन घट्ने बैंकहरूको भनाइ छ।

संघको तथ्यांकअनुसार साउनको पहिलो साता (साउन २ गतेसम्म) निक्षेप १९ अर्ब ७० करोडले घटेको थियो। दोस्रो साता (साउन ९ गतेसम्म) यो कमी ३७ अर्ब ५६ करोड पुगेको थियो। तर साउन १६ गतेसम्म १ अर्ब १७ करोडले निक्षेप बढेको र २३ गतेसम्म झन्डै १८ अर्ब ९० करोडले बढेको देखिएको थियो। अन्ततः साउन ३१ गतेसम्म पुग्दा निक्षेप फेरि घट्दै १५ अर्ब ३ करोड रुपियाँले घटेको संघले जनाएको छ।

निक्षेपसँगै साउनमा बैंकहरूको कर्जा प्रवाह पनि ११ अर्ब रुपियाँले घटेको छ। तथ्यांक अनुसार साउनमा ४९ खर्ब ६४ अर्ब रुपैयाँ कर्जा प्रवाह भएको छ भने गत असारमा यो रकम ४९ खर्ब ७५ अर्ब रुपियाँ थियो। साउनको पहिलो दुई दिनमै कर्जा २३ अर्ब ७९ करोडले घटेको थियो। ९ गतेसम्म घटेर ३७ अर्ब ५६ करोड पुगेको कर्जा १६ गतेसम्म ६ अर्ब ३९ करोडले बढ्यो। यस्तै २३ गतेसम्म १२ अर्ब ३९ करोडले बढेको कर्जा साउन ३१ गतेसम्म आइपुग्दा ४ अर्ब १९ करोडले मात्र वृद्धि भएको तथ्यांकमा उल्लेख छ। नेपाल बैंकर्स संघका अनुसार हाल बाणिज्य बैंकहरूको सिडी रेसियो ७५ दशमलव ८३ प्रतिशत रहेको छ।

# कोरियासँग सवा अर्ब लगानी सम्झौता

**नेपाल समाचारपत्र, काठमाडौं**

नेपाल सरकार र कोरिया गणतन्त्र सरकारबीच 'गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान अन्तर्गत गण्डकी प्राविधिक शिक्षालयको पूर्वाधार विकास' परियोजना कार्यान्वयनका लागि करिब ९ मिलियन अमेरिकी डलर (झण्डै १ अर्ब २५ करोड रुपियाँ) बराबरको अनुदान सम्झौतामा हस्ताक्षर गरिएको छ।

सम्झौतामा अर्थ मन्त्रालयका सचिव घनश्याम उपाध्याय र कोरिया गणतन्त्रका नेपालस्थित राजदूत पार्क ते-यङले हस्ताक्षर गरेका हुन्। समारोहमा राजदूत पार्क ते-यङले यो परियोजना भवन र पूर्वाधारमा मात्र सीमित नभई मानव संसाधन, सिप र नेपालको भविष्यका लागि आवश्यक जनशक्ति निर्माणमा केन्द्रित हुने बताए। उनका अनुसार, यस परियोजनामार्फत कोरियाले नेपालको क्षमता अभिवृद्धि गर्दै गुणस्तरीय प्राविधिक शिक्षा प्रदान गर्ने लक्ष्य लिएको छ।

अर्थसचिव उपाध्यायले कोरियाले लामो समयदेखि नेपालकै शिक्षा क्षेत्रमा सहयोग गर्दै आएको स्मरण गर्दै यस सम्झौताले नेपालको विकासप्रति कोरियाको प्रतिबद्धता अझ मजबुत बनाएको बताए। उनका अनुसार, कोरियाली पहल श्रम बजारको मागअनुसार दक्ष जनशक्ति उत्पादन गरी रोजगारीका अवसर बढाउने र नेपालको सामाजिक-आर्थिक विकासमा महत्वपूर्ण योगदान गर्नेछ।

अर्थ मन्त्रालयका अनुसार, परियोजनाको कार्यान्वयन निकाय कोरिया सरकारको तर्फबाट कोरियन इन्टरनेसनल को-अपरेसन एजेन्सी रहनेछ भने नेपाल सरकारको तर्फबाट गण्डकी प्रदेशको सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय र गण्डकी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रतिष्ठान रहनेछन्।

सो परियोजना सन् २०३० डिसेम्बर ३१ भित्र सम्पन्न गर्ने लक्ष्य लिइएको छ। अर्थ मन्त्रालयका अनुसार, यसको मुख्य उद्देश्य नेपालकै प्राविधिक तथा व्यवसायिक शिक्षा तथा तालिम नीति र सोह्रौं योजनासँग मेल खाने गरी २१औं शताब्दीको आवश्यकता अनुरूप सक्षम र दक्ष जनशक्ति उत्पादन गर्नु हो।

# अनुमतिपछि मात्रै जग्गा प्लटिङ

**काठमाडौं, (नेस)**

काठमाडौं उपत्यका विकास प्राधिकरणले अबदेखि व्यावसायिक जग्गा खण्डीकरण (प्लटिङ) मा कडाइ गर्ने भएको छ। प्राधिकरणले प्लटिङ गर्नु अघि अनिवार्य रूपमा योजना अनुमति लिनुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याएको छ।

प्राधिकरणले गत चैत ३ गतेदेखि अनुमति नलिई गरिने कित्ताकाटमा रोक लगाएको छ। अहिलेसम्म अनुमति नलिई विभाजन गरिएका करिब १ हजार १५० कित्ता जग्गामा रोक लगाइएको प्राधिकरणले जनाएको छ।

हाल जग्गा विकास र खण्डीकरणसम्बन्धी कार्य कानुनअनुसार भूमि सम्बन्धी ऐन, काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन-२०४५, प्राधिकरण नियमावली, २०६८ तथा बस्ती विकास, सहरी योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत मापदण्ड, २०७२ अन्तर्गत हुन्छ। तर मालपोत र नापी कार्यालयले प्राधिकरण ऐनलाई कार्यान्वयन नगरेको प्राधिकरणको गुनासो छ।

सर्वोच्च अदालतको आदेशअनुसार पनि जग्गा खण्डीकरण गर्दा योजना अनुमति लिनुपर्ने व्यवस्था स्पष्ट गरिएको छ। त्यस्तै, प्राधिकरण सञ्चालक समितिको २०८० माघ १२ को निर्णयले पनि यसलाई थप मजबुत बनाएको छ।

यसबाहेक प्राधिकरणले सार्वजनिक जग्गा गैरकानुनी रूपमा कब्जा गर्ने ५०० जनाको सम्पत्ति रोक्का गरेको जनाएको छ।

प्राधिकरणका जिल्ला आयुक्त सुभाष बस्नेतका अनुसार दलाल प्लटिङकर्ताको कारण अनियोजित रूपमा बस्ती विस्तार हुँदा राज्यको नाममा सार्वजनिक जग्गा हराउने, सडक साँघुरा बन्ने र शहर अव्यवस्थित हुने समस्या तीव्र बन्दै गएको छ। योजना अनुमति लिएर प्लटिङ गरेमा कम्तीमा २० फिट फराकिला सडक बन्ने, ५ प्रतिशत अतिरिक्त जग्गा खाली राख्नुपर्ने भएकाले खुला ठाउँ सुरक्षित हुने र विपत्तिका बेला राहत सहज हुने' बस्नेतको भनाइ छ। प्राधिकरणका अनुसार काठमाडौं उपत्यकाभित्र ३० डिग्रीभन्दा बढी भिरालो जमिनमा घर निर्माण गर्न नपाइने कानुनी व्यवस्था भए पनि डाँडाकाँडामा समेत अनियन्त्रित प्लटिङ भइरहेको छ, जसले प्राकृतिक विपत्तिको जोखिम बढाइरहेको छ।

# वीरगञ्ज नाकाबाट एक अर्ब बढीको छुर्पी निर्यात

**कृष्णउदास खनाल, वीरगञ्ज**

मुलुकको प्रमुख नाका वीरगञ्जबाट विदेशमा कुकुर र बिरालोको खानाका रूपमा प्रयोग गरिने छुर्पीको निर्यात ह्वात्तै बढेको छ। वीरगञ्ज नाका हुदैं गत आर्थिक वर्ष २०८१/८२ मा मात्रै १ अर्ब २० करोड रुपियाँ मूल्य बराबरको ६ सय ८० मेट्रिक टन छुर्पी तेस्रो मुलुकहरूमा निर्यात भएको छ। अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा भने वीरगञ्ज नाका हुँदै ६८ करोड रुपैयाँ मूल्य बराबरको ३ सय ७५ मेट्रिक टनमात्रै छुर्पी तेस्रो मुलुकहरूमा निर्यात भएको थियो। त्यसअघिको आर्थिक वर्ष २०७९/८० मा भने वीरगञ्ज नाका हुँदै २६ करोड ६३ लाख रुप्रैयाँ मूल्य बराबरको २ सय ६८ मेट्रिक टन छुर्पी विदेशमा निर्यात भएको थियो।

वीरगञ्ज नाका हुँदै गत आर्थिक वर्ष २०८१/८२ मा अघिल्लो आर्थिक वर्ष २०८०/८१ को भन्दा ७६ प्रतिशतले बढी अर्थात् ५२ करोड बढी मूल्यको छुर्पी विदेशमा निर्यात भएको वीरगञ्ज भन्सार कार्यालयले जनाएको छ। नेपालको इलाम, ताप्लेजुङ, संखुवासभा, धनकुटालगायतका पहाडी जिल्लाहरूमा उत्पादित छुर्पी वीरगञ्ज नाकाबाट विदेशमा निकासी हुने गरेको वीरगञ्ज भन्सार कार्यालयका सुचना अधिकारी अमित तिवारीले जानकारी दिनुभयो। नेपालमा उत्पादित छुर्पी अमेरिका, अस्ट्रेलिया, क्यानडा, ब्राजिल, चीन, चेक रिपब्लिक, फिनल्यान्ड, फ्रान्स, ग्रिस, बलायत, इटाली, न्युजिल्यान्ड, नेदरल्यान्ड, जापानलगायत २७ वटा मुलुकमा निर्यात हुने गरेको छ।

त्यसमा पनि सबै भन्दा बढी निर्यात अमेरिकामा हुने गरेको तिवारीले बताउनुभयो। तेस्रो मुलुकहरूमा घरपालुवा कुकुर र बिरालोले नेपाली छुर्पीको स्वाद रुचाएपछि नेपालबाट छुर्पीको माग बढ्दै गएको हो। भन्सार बिन्दुबाट छुर्पी 'कुकुर वा बिरालोको खाना' शीर्षकमा विदेशमा निकासी हुन्छ। वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी तिवारीले विदेशमा घरमा कुकुर र बिरालो पाल्नेहरूले नेपाली छुर्पीलाई मासुको विकल्पको रूपमा प्रयोग गर्ने गरेको छ।


**Gaurishankar Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Suri-05, Dolakha.**

**Invitation for Bids (e-Procurement.**

**Notice Publication date :- 2082-05-05**

Gaurishankar Rural Municipality invites electronic bids from eligible bidders for the construction of road mentioned below. Interested & eligible bidders shall participate in this bidding process through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 on 2082-06-05. For additional information please inspect bid document uploaded by Office on PPMO website.

| IFB No/ Notice No.:- | Description of work | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) | Bid Security Bid Security Validity period | Average Annual Construction Turnover required (AACT) | Remarks |
|---|---|---|---|---|---|---|
| 03/GRM/NCB/ Works/R/2082-83 | Construction work of Bhorle Gaupalika Sadak. | 12,00,000.00 | 5,000.00 | 120 days | 43.14 Million | 1s2e |

**Chief Administrative Officer**

**गुलरिया नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**गुलरिया, बर्दिया**
**लुम्बिनी प्रदेश**

**आन्तरिक आय तर्फको नदीजन्य पदार्थ (बालुवा) संकलन/उत्खनन् तथा बिक्री सम्बन्धी**
**शिलबन्दी बोलपत्र र दरभाउपत्र आव्हानको सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति :- २०८२/०५/०५)**

स्थानीय सरकार संचालन ऐन २०७४ दफा ११ उपदफा २"घ"को (६), दफा ६२ "क", लुम्विनी प्रदेश सरकारको आर्थिक ऐन, २०८२, नदीजन्य पदार्थ व्य( वस्थापन कार्यविधि २०७७ (पहिलो शंशोधन २०७९)बमोजिम र गु.न.पा.को स्वीकृति प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन IEE मा व्यवस्था भए अनुसार देहाय बमोजिमको आन्तरिक आय संकलन ठेक्का बन्दोबस्त कार्य तपसिलमा उल्लेखित न्यूनतम ठेक्का अंकमा नघटने गरी आ.व.०८२/०८३ जेष्ठ मसान्तसम्मको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुँदा इच्छुक दर्तावाला फर्म, संस्था वा कम्पनीबाट सिलबन्दी बोलपत्र र दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**तपशील :**

| आय ठेक्का नं. | नदी तथा खोलाको विवरण | उत्खनन् गरिने घाटको नाम | संकलन र बिक्री गर्न पाउने पाउने अधिकत्तम परिमाण (क्यू.फिट.) | न्यूनतम ठेक्का अंक, सेवा शुल्क, आय कर ,मूल्य अभिबृद्धि कर (भ्याट बाहेकको रकम) | दरभाउपत्र र बोलपत्र फारम रकम | बोलपत्र/ दरभाउपत्र खरिद गर्ने अबधी र मिति | बोलपत्र/ दरभाउपत्र दर्ता गर्ने अबधी र मिति |
|---|---|---|---|---|---|---|---|
| 05/GNP/RS/2082/83 | बबई नदी | बालापुरघाट | २१३६५५.७५ft³ वालुवा | १७,०९२,४६/- | १०००/- | १५ दिन २०८२/०५/१९ गते सम्म | २०८२/०५/२० गते बिहान १२ बजे भित्र |
| 06/GNP/RS/2082/83 | | प्रयागपुरघाट | १७६५७५ ft³ वालुवा | १४,१२,६००/- | | | |
| 07/GNP/RS/2082/83 | बबई नदी | भादाघाट | ५०८५३६ ft³ वालुवा | ४०,६८,२८८/- | ३०००/- | ३० दिन २०८२/०६/०५ गते सम्म | २०८२/०६/०७ गते बिहान १२ बजे भित्र |
| | | | १,२७,१३४ ft³ माटो | ३,८१,४०२/- | | | |
| 08/GNP/RS/2082/83 | | बैरियाघाट | ६६४६२८.०३ ft³ वालुवा | ५३,१७,०२६.०४ | | | |
| 09/GNP/S/2082/83 | | गुरुवागाउँघाट | ७९३८८१. ०२ ft³ वालुवा | ६३,५१,०४९.६० | | | |
| 10/GNP/S/2082/83 | | बिकीघाट | ३६०२१३ ft³ वालुवा | २८,८१,७०४ | | | |

नोटः-१) वालुवा प्रति घन फिट रु ८ तथा माटो प्रति घनफिट रु ३ हुनेछ ।
२) घरौटी वापतको रकम कवोल अंकको ५ प्रतिशत राख्नुपर्नेछ ।
३) कवोल रकममा १३ प्रतिशत भ्याट थप लाग्नेछ ।
४) यस सम्वन्धी विस्तृत जानकारीको लागि पालिकाको वेवसाईट www.gulariamun.gov.np, फेसवुक पेज https://www.facebook.com/gulariya.municipality.14/?_ps=1 तथा फोन नं. ९८५८०२२९२२ मा सम्पर्क राख्नुहुन ।

**Government of Nepal**
**Ministry of Physical Infrastructure & Transport**
**Department of Roads**
**Federal Road Supervision & Monitoring Office, Kathmandu**
**Road Division Bharatpur**
**Chitwan**

**Invitation for Bids**

**Invitation for Bids (IFB) No. RDBHT-082/83-02**
**Date of first publication: B.S. 2082/05/05 ( A.D.2025/08/21 )**

1. Division Road Office invites sealed bids from eligible domestic bidders for the construction works enlisted below:

| S. N. | Contract No. | Name and Location of the Construction Work | Estimated Amount Excl. of VAT, Contingencies & PS (NRs) | Bid Security Amount (NRs) | Validity of Bid Security (Days) | Non Refundable Bid Document Fee (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | RDBHT/33701 169/082/83-05 | Upgrading of Kawasoti Na. Pa. ward 8 Bihani chowk dekhi Kailash chowk Bhetghat chowk Pashchim Taruwa Badruwa Saand Laukhani Gairi hudai Lokaha jodne sadak | NA | 680,000 | 120 | 5,000 |
| 2 | RDBHT/33701 169/082/83-06 | Upgrading of Bahunikuna-Kolkatta-Prasauni-Bhandara hudai Danda, Chaurangi-Ranitar Crusher hudai Chormara jodne sadak Madhyabindu Na. Pa. 8, 7, 11, 15 and 6 | NA | 680,000 | 120 | 5,000 |
| 3 | RDBHT/33701 169/082/83-07 | Upgrading of Jugedi-Tandrang-Chaukidanda Road | NA | 680,000 | 120 | 5,000 |
| 4 | RDBHT/33701 169/082/83-08 | Upgrading of Sambesi Marga (Tiketa Chowk-Gairi Tole-Tandi Tole to Bhotikhola Tole), Dhangdhange Khola-Durga Mandir-Sukhaura Khola Road. Madhyabindu- 5 & 6 | NA | 680,000 | 120 | 5,000 |
| 5 | RDBHT/33701 169/082/83-09 | Upgrading Works on Thori Chautara-Badarjhula-Bhalukhola Section, Madi-9, chitwan | NA | 680,000 | 120 | 5,000 |
| 6 | RDBHT/33701 169/082/83-10 | Upgrading of Bharatpur Ma. Na. Pa. 11 to Ichhakamana 7(Simaldhap) Road, Chitwan | NA | 680,000 | 120 | 5,000 |
| 7 | RDBHT/33701 127/082/83-11 | Upgrading of Chepang Marg(Thori-Bhandara-Lothar -Malekhu Road),Chitwan | NA | 680,000 | 120 | 5,000 |
| 8 | RDBHT/33701 169/082/83-12 | Upgrading of Binayi Tribeni Ga.Pa. Dumkibas Sardi Materi Rahabas Palpa Jaane Sadak | NA | 680,000 | 120 | 5,000 |
| 9 | RDBHT/33701 169/082/83-13 | Upgrading of Hulaki-Mahendra Rajmarga Link Sadak (Narayani Kali Sadak antargat Tamsaria-Baruwa-Bhandara-Sehari Sadak khanda Madhyabindu Na. Pa) | NA | 680,000 | 120 | 5,000 |
| 10 | RDBHT/33701 138/082/83-14 | Rehabilitation Works of Lothar-Gondrang Section along East-West (Mahendra) Highway (NH-01) , Chitwan | NA | 1,623,000 | 120 | 5,000 |

2. Bidders shall have the option of submitting their bids electronically only from PPMO's Web Site www.bolpatra.gov.np/egp.

| Last Date & Time for Bid Purchase and Bid Submission | Date and Time for Bid Opening |
|---|---|
| Date: B.S. 2082/06/05 (A.D. 2025/09/21) | Date: B.S. 2082/06/05 (A.D. 2025/09/21) |
| Time: Within 12:00 hours | Time: At 12:15 hours |

3. Eligible Bidders may refer Road Project Office or PPMO's website: www.bolpatra.gov.np/egp for further information.

**Division Chief**


कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित । कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं । पोबनं २०४५ । फोनः ५३६११७९ । फ्याक्सः ४३१८९९०। Email: nepalsamacharpatra@gmail.com । प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ । सम्पादकः सागर पण्डित